# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ बैठक शाखा

च.नं.: १२१८

मितिः-२०७७/१०/०६

विषयः- निर्णय कार्यान्वय गर्ने सम्वन्धमा ।

**श्री मनहरी गाउँकार्यपालिकाका**
**सबै शाखा/उपशाखा प्रमुखहरु**
**वडा कार्यालय/वडा सचिवहरु**
**मनहरी, मकवानपुर ।**

प्रस्तुत विषयमा मिति २०७७ माघ ०५ गते सोमवार बसेको कार्यपालिका बैठकको निर्णय पाना थान पाँच यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

२०७७/१०/६

(देवराज चौलागाई)
प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

आज मिति २०७७ साल माघ ०५ गते सोमवारका दिन विहान ०८ बजे देखि यस मनहरी गाउँपालिकाको कार्यपालिका बैठक गा.पा. अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**<u>उपस्थिति</u>**

| | | | |
|---|---|---|---|
| १. श्री एकराज उप्रेती | गा.पा अध्यक्ष | अध्यक्ष | |
| २. श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य | |
| ३. श्री गोपिलाल मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य | |
| ४. श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य | |
| ५. श्री दिलबहादुर स्याङतान | ८ नं.वडा अध्यक्ष | सदस्य | |
| ६. श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य | |
| ७. श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य | |
| ८. श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य | |
| ९. श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य | |
| १०. श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य | |
| ११. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य | |
| १२. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य | |
| १३. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य | |
| १४. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य | राममाया |
| १५. श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य | |
| १६. श्री देवराज चौलागाई | प्रमुख प्रसाशकिय अधिकृत | सचिव | |

आमन्त्रित/सहयोगी

१. श्री संगिता अधिकारी लेखा अधिकृत राजश्व आ.प्र.महाशाखा प्रमुख

२.

Scanned with CamScanner

मिति २०७७ माघ ०५ गते सोमवार बसेको मनहरी गाउँ कार्यपालिकाको निर्णय

प्रस्तावहरु

१. मनिला विष्टले हालेको मुद्दाको प्रतिरक्षा गर्ने वारे ।
२. उपाध्यक्षको कार्यकक्षमा भएको सामान छरपष्टको प्रतिवेदन वारे ।
३. अपहरित बालकको उद्दार गर्ने वारे ।
४. स्वास्थ्य पुर्वाधार भवन निर्माण गर्ने वारे ।
५. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन वारे ।
६. २ वटा खानेपानी योजना सम्पन्न गर्ने वारे ।
७. घ वर्गको निर्माण ब्यवसायी ईजाजत प्रमाणपत्रको कार्यविधि संशोधन वारे ।
८. आगलागी पीडितका लागि जस्तापाता खरिद गर्ने वारे ।
९. भुकम्प पुनःनिर्माणको कार्यमा प्रभावकारिता ल्याउने वारे ।
१०. तीनपाग्रे सवारी साधनको लगत राख्ने र ब्यवस्थित गर्ने वारे ।
११. नदीजन्य पदार्थको परिमाण विक्री सहुलियत दिने वारे ।
१२. मेड्पा कार्यक्रमको वडा छनौट र कार्ययोजना स्वीकृत गर्ने वारे ।
१३. वडा नं.१ मा निर्माण गरिने Tree House को TOR स्वीकृत गर्ने वारे ।
१४. पोषिलो पिठो वितरण वारे ।
१५. एम्वुलेन्स खरिदको सिफारिस वारे ।
१६. विविध विषयहरु
    क- योजना संचालन र निर्माण सामग्री सहयोग वारे ।
    ख- आर्थिक सहायता अनुमोदन वारे ।

निर्णयहरु

१. यस प्रस्तावमा छलफल गर्दा उपाध्यक्ष मनिला विष्टले आफ्नो पदवाट अध्यक्ष समक्ष लिखित रुपमा दिएको राजिनामाका विषयमा यस अघि गरिएका निर्णयहरु र प्रेस विज्ञप्तिहरुमा कुनै द्विविधा नरहेको र निजले सो राजिनामाको सम्वन्धमा सम्मानित पुनरावेदन अदालत पाटनको हेटौडा ईजलास समक्ष मनहरी गाउँपालिकाको कार्यालय, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतलाई विपक्षि वनाई दिएको रिट निवेदनको प्रतिरक्षाका लागि अदालत समक्ष तारिख लिन, लिखित जवाफ तयार गर्न, बहस पैरविका लागि कानुन ब्यवसायी राख्ने लगायतका कार्यहरु गर्न यस कार्यालयका कानुनी सहजकर्ता श्री रेखा सापकोटालाई तोक्ने ।

सम्मानीत आदालतले माग गरेका सक्कल राजिनामा, दर्ता किताव, निर्णयपुस्तिका लगायतका प्रमाणहरु प्रमुख प्रशासकिय अधिकृतले पेश गर्ने ।

२. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिकामा रहेको उपाध्यक्षज्यूको कार्यकक्ष(कोठा नं.१०) मा मिति २०७७ पौष २१ गते बेलुका सामाजिक संजालमा आएको फोटोलाई लिएर तोडफोड भएको भनिएको विषयमा छानविन गर्न गठित समितिले तयार गरेको प्रतिवेदन, सिसि टिभी फुटेज र प्रतक्षदर्शिहरुका बयानहरु सहितको प्रतिवेदन यस बैठकमा पेश भई जानकारी भयो ।

सो सम्बन्धमा उक्त कोठामा अन्तिम पटक अवरान्ह ५ बजेर १७ मिनेट देखि ऐऐ २१ मिनेट सम्म मनिला विष्ट प्रवेश गरेको देखिएको र वत्ति वाली फोटोहरु खिचेको साविति वयानहरु आएको सन्दर्भमा विश्लेषण गर्दा सो घटना सो ४ मिनेट भित्र निजले



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

नै गराएको पुष्टि भएकाले सुरक्षा लगायत अन्य निकाय, सरोकारवालाहरुले माग गरेमा प्राप्त प्रतिवेदन अनुसार जानकारी उपलब्ध गराउने ।

३. यस प्रस्तावमा छलफल गर्दा मनहरी वडा नं. ६ निवासी श्री सोम बहादुर तामाङका ६ महिने नाबालक शिशु अपहरणमा परी भारतको राजस्थानमा लगेको जानकारी प्राप्त भएकाले सो वालकलाई सकुशल उद्दार गरी ल्याउन वडा नं. ८ का अध्यक्ष श्री दिलबहादुर स्याङतान, नेपाल प्रहरी, माईति नेपालका प्रतिनिधि, बालकको आमा र कार्यालयका कर्मचारी सहितको टोलि आवश्यक प्रकृया पुरा गरी अविलम्व परिचालन गर्ने । सो कार्यका लागि जान, आउन, खाना तथा वास खर्च लगायत भैपरी आउने न्युनतम आवश्यक रकम असहाय महिला वालवालिका उद्दार शिर्षकवाट कार्यालयले ब्यहोर्ने ।

४. यस प्रस्तावमा छलफल गर्दा स्वास्थ्य कार्यालय मकवानपुरको पुँजिगत कार्यक्रम अनुसार सिमान्तकृत जनजातीहरुको स्वास्थ्य सेवामा पहुँच बृद्दि गर्न मनहरी गाउँपालिकाका वडा नं.४ को वनकरीया वस्ती, वडा नं. ६ को बालभञ्याङ र वडा नं. ९ को माथिल्लो ज्यामिरेमा खोप केन्द्र तथा गाउँघर क्लिनिक भवन निर्माण गर्ने ।

५. यस प्रस्तावमा छलफल गर्दा चालु आ.ब.मा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि विनियोजित ५१.९२ लाख वाट १० वटा योजनाहरु संचालन हुने गरी बजेट प्राप्त भएकोमा संशोधित कार्यविधि अनुसार सो रकम सुचिकृत भएका बेरोजगारहरुलाई कामका आधारमा उपलब्ध गराउनु पर्ने ज्यालामा मात्र खर्च गर्ने ब्यवस्था भएकाले प्राविधिक लागत अनुमान अनुसार निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरु जनलागत सहभागिता पुँजिगत शिर्षकवाट ब्यहोर्ने गरी योजना/कार्यक्रम गर्ने ब्यवस्था मिलाउने ।

६. यस प्रस्तावमा छलफल गर्दा वडा नं.६ मा संचालित लोथर खानेपानी योजना र तल्लो मसिने खानेपानी योजनाका कामहरु चालु वर्षमा विनियोजित बजेटवाट करिव करिव सम्पन्न हुने अवस्था रहेको र ती योजनाहरुमा अन्तिम चरणका केहि काम वाँकि रहेको भनि प्राप्त प्राविधिक सिफारिसको आधारमा प्रति योजना ५ लाखका दरले थप गर्दा योजना सम्पन्न हुने देखिएकाले सो नपुग रकम वडा नं. ८, ९, ४, ३, ५ र १ का अपुरा खानेपानी योजना शिर्षकमा विनिजित बजेटवाट १० लाख थप गरी समयमै कार्य सम्पन्न हुने ब्यवस्था कार्यालयले मिलाउने ।

७. यस प्रस्तावमा छलफल गर्दा घ वर्गको निर्माण ब्यवसायी अनुमति पत्र लिन स्वीकृत कार्यविधिको अनुसुचि ५(३) मा भएको ब्यवस्था अनुसार मेसिन र उपकरण दर्ता हुने फर्मको स्वामित्वमा भएको हुनु पर्नेमा फर्म दर्ता नगरी खरिद कार्य गर्न कठिनाई पर्ने गुनासाहरु आएकाले दर्ता भएको मितिले वढिमा एक वर्ष सम्ममा खरिद गर्ने गरी भाडामा लिएका ती सामग्रीहरुको आधारमा समेत अन्य प्रकृयाहरु पुरा गरी आएमा निर्माण ब्यवसायी अनुमति पत्र दिन सकिने गरी अनुसुचिमा थप गरी कार्यविधि संशोधन गरी कार्यान्वयन हुने ब्यवस्था कार्यालयले मिलाउने ।

८. यस प्रस्तावमा छलफल गर्दा आगलागी पीडितहरुको दयनिय अवस्था रहेको र त्यस्ता अग्नी पीडितहरुलाई तोकिएको मापण्ड अनुसार जस्तापाता उपलब्ध गराउन आवश्यक



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

देखिएकाले विपद् ब्यवस्थापन कोषको शिर्षकवाट प्राविधिक लागत अनुमानको आधारमा रु. ५ लाख सम्मको जस्तापाता गरिद गर्ने ब्यवस्था कार्यालयले मिलाउने ।

९. यस प्रस्तावमा छलफल गर्दा यस गाउँपालिका क्षेत्रमा भुकम्प पुनःनिर्माण कार्यमा भएको प्रगति र देखिएका समस्याको विषयमा जानकारी र छलफल भयो । सो सम्वन्धमा घर मर्मत (प्रवलिकरण) कार्य लक्ष अनुसार सन्तोषजनक रुपमा नभएको पाईएकाले वडा कार्यालयहरुले सो कार्यमा तदारुकता देखाई किस्ता निकासा लिएका लाभग्राहीहरुलाई प्राधिकरणले तोकेको समयतालिका अनुसारको समयमै कार्यसम्पन्न गराउन पहल गर्ने ।

१०. यस प्रस्तावमा छलफल गर्दा यस गाउँपालिका क्षेत्रमा ई रिक्सा र अटो व्यवस्थित र सुरक्षित रुपमा संचालन गर्न आवश्यक देखिएकाले वडा स्तरमा रहेका सहायक मार्गहरुमा संचालन हुने ती सवारी साधन कति चालु रहेका छन सो को विवरण वडा कार्यालयहरुवाट माग गर्ने र सडक सुरक्षाको अवस्था हेरी के कसरी कति मात्रामा त्यस्ता तीनपाग्रे सवारी साधनहरु थप खरिद र संचालन गर्न सकिन्छ भन्ने विषयमा सुरक्षा निकायहरु तथा सरोकारवालाहरु संग समेत छलफल र समन्वय गर्ने गरी तथ्याङ्क तयार गर्ने र अधिकतम भाडा दरको सिफारिस सहितको एक महिना भित्र प्रतिवेदन तयार गरी पेश गर्ने र संचालनको आचार संहिता समेत बनाउनका लागि कार्य गर्ने ।

| | |
|---|---|
| क. वडा नं.५ का वडा अध्यक्ष श्री शुभराज थिङ | अध्यक्ष |
| ख. वडा नं.१ का वडा अध्यक्ष श्री शिव खनाल | सदस्य |
| ग. वडा नं.७ का वडा अध्यक्ष श्री ठाकुर तिटुङ | सदस्य |
| घ. कार्यपालिका सदस्य श्री कृष्ण विडारी | सदस्य |
| ङ. अधिकृत छैठौं श्री शैलेश बाँसकोटा | सदस्य सचिव |

११. यस प्रस्तावमा छलफल गर्दा गतः आर्थिक वर्षमा ठेक्का सकार गर्ने सि.वि. कन्स्ट्रक्सन प्रा.लि. काभ्रेसंग भएको नदीजन्य श्रोत विक्रीको ठेक्का संझौता अनुसार तोकिएको परिमाण विक्री गर्न कोभिड १९ ले गर्दा भएको लकडाउनका कारण नपाएकाले ठेक्का समयावधि थप गर्न माग गरेको सन्दर्भमा गाउँसभावाट भएको प्रत्यायोजित अधिकार एवम् साविक राजश्व परामर्श समितिको सिफारिस तथा कार्यपालिका निर्णयानुसार हुने गरी बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. ०५/२०७७-०७८ च.नं. ८०६ मिति २०७७-०९-०५ को पत्रानुसार तोकिएको परिमाण चालु आ.ब.को ठेक्का बन्दोवस्तिको ब्यवस्थामा प्रतिकुल असर नगर्ने गरी ठेक्का संझौता हुनु अगावै नियमानुसार विक्री गरी सक्ने गरी स्वीकृत परिमाण उपलब्ध गराउने ब्यवस्था कार्यालयले आवश्यक प्रस्ताव वनाई मिलाउने ।

१२. यस प्रस्तावमा छलफल गर्दा गरीवी निवारणका लागि लघु उध्यम विकास कार्यक्रम (मेड्पा) चालु आर्थिक वर्षदेखि स्थानीय तहले संचालनको ब्यवस्था गर्ने गरी हस्तान्तरण भै आएकोमा यस अवधिमा तीनवटा वडाहरु छनौट गर्नुपर्ने भएकाले वडा नं. ४. ५ र ६ लाई छनौट गरियो । छनौट भएका वडाहरुमा मेड्पा कार्यक्रम संचालन गर्ने कार्ययोजना स्वीकृत गरी कार्य अगाडी वढाउने र सम्वन्धित वडा कार्यालयहरुले सो कार्यक्रम संचालनका लागि आवश्यक सहजिकरण गर्ने ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष



Scanned with CamScanner

१३. यस प्रस्तावमा छलफल गर्दा वडा नं. १ स्थित ट्रि हाउस लाई पर्यटकिय आकर्षकको स्थान वनाई पर्यटक प्रवर्धन गर्ने उद्देश्यले सोको निर्माण कार्य गर्न गरीएको प्रारंभिक वातावरणिय परीक्षण(IEE) का लागि प्राप्त ToR (कार्यसुचि) प्राविधिक समितिको सिफारीस वमोजिम स्वीकृत गरीयो ।

१४. यस प्रस्तावमा छलफल गर्दा स्वास्थ्य सेवा विभागवाट प्राप्त पोषिलो पिठो ६ महिना देखि २ वर्ष सम्मका सिमान्तकृत जनजातिका वालवालिकाहरुलाई वितरण गरी वाँकि पिठो सिमान्तकृत जनजातिहरुका गर्भवति महिला, सुत्केरी तथा ५ वर्ष मुनिका वालवालिकाहरुलाई सम्वन्धित वडा कार्यालयहरु संगको समन्वयमा वितरण गर्ने ।

१५. यस प्रस्तावमा छलफल गर्दा मनहरी १ चकरी स्थित अध्यक्ष विष्णु प्रसाद अधिकारी रहेको श्री शान्ति श्वावलम्वन वचत तथा ऋण सहकारी संस्था लि. नामक संस्थाले खरिद गर्न लागेको एम्वुलेन्स थान एकको भन्सार तथा मु.अ.कर छुटका लागि जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरलाई सिफारिस गर्ने ।

१६. यस प्रस्तावमा छलफल गर्दा देहाय बमोजिम गर्ने ।

क. देहाय अनुसारका शिर्षकहरुवाट उल्लेखित योजना संचालन कार्य आवश्यक प्रकृया पुरा गरी उपलब्ध गराउने ।

| सि.नं. | योजनाको नाम | नगद/ जिन्सी | भुक्तानीको श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | कौगेडी ईनार निर्माण योजना वडा नं. ३ | १,००,०००.०० | भैपरी पुँजिगत विविध | वडा कार्यालयको सिफारिस अनुसार |

ख. देहाय अनुसारका ब्यक्तिहरुलाई सम्वन्धित काजगातहरु तथा वडा कार्यालयवाट भएको सिफारिस समेतको आधारमा स्वास्थ्य उपचार तथा मृतकहरुका लागि आर्थिक सहायता तथा चन्दा शिर्षकमा विनियोजित चालु बजेटवाट प्रदान गर्ने ।

| सि.नं. | वडा नं. | नाम थर | विषय | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २ | खेमराज पन्त | अपाङ्ग वालक | १०,०००.०० | |
| २ | ७ | कल्पना राई | सिकिस्त विरामी | १०,०००.०० | |
| ३ | २ | शुसिला थिङ | मुटुरोगि | १०,०००.०० | |
| ४ | २ | अस्मिता रुम्वा | मृगौला रोगी | १०,०००.०० | |
| ५ | ६ | सुदिप ग्लान | मृगौला रोगी | १०,०००.०० | |

उपरोक्त अनुसारका निर्णयहरु सर्वसम्मति रुपमा गर्दै आजको बैठक सम्पन्न भयो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष



Scanned with CamScanner